# बाली उत्पादनोपरान्त क्षति न्यूनिकरण तथा गुणस्तरीय कृषि बस्तु उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**<u>प्रस्तावनाः</u>** कृषि उत्पादनको ढुवानी, संचय तथा प्रशोधनको क्षेत्रमा अपेक्षित मात्रामा सुधार हुन नसक्दा कृषि उत्पादनको ठुलो हिस्सा बाली कटानी, ढुवानी, भण्डारण तथा प्रशोधनमा भैरहेको नोक्सानीलाई न्यूनीकरण गरी अन्तर्राष्ट्रिय बजारको मापदण्ड अनुसारको प्रशोधन, प्याकेजिङ्ग, ढुवानी तथा भण्डारणको व्यवस्थाका लागि कृषि उपजहरुको उत्पादन, ग्रेडिङ्ग, प्याकिङ, प्रशोधन तथा भण्डारण (प्याक हाउस, शितघर र कोल्ड चेन) स्थापना लगायतका उत्पादनोपरान्तका कृयाकलापहरु सञ्चालन गरी प्रदेश सरकार प्रदेश नं. ५ को नीति तथा कार्यक्रमको बुंदा नं. ४८, ४९ र ५४ समेत सम्बोधन गर्नका लागि प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "बाली उत्पादनोपरान्त क्षति न्यूनिकरण तथा गुणस्तरीय कृषि बस्तु उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तयार गरी लागू गरेको छ ।

## परिच्छेद १
## <u>प्रारम्भिक</u>

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "बाली उत्पादनोपरान्त क्षति न्यूनिकरण तथा गुणस्तरीय कृषि बस्तु उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. <u>परिभाषाः</u>** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

(क) "प्याक–हाउस" भन्नाले ताजा, धोई पखाली अनुपयोगी भागहरु हटाईएको (न्यूनतम प्रशोधन गरिएको), प्रशोधित वा खान तयार कृषि उपजहरुको कारोवारमा सहयोग गर्ने भौतिक पूर्वाधार तथा बीउ तथा खाद्यान्न प्रशोधन तथा भण्डारणमा प्रयोग हुने आवश्यक औजार उपकरण सहितको भौतिक पूर्वाधार (कृषि प्रशोधन उद्योग वा कारखाना) सम्झनुपर्छ।

(ख) "भौतिक पूर्वाधार" भन्नाले बाली उत्पादनोपरान्त क्षति न्यूनिकरण गर्न कृषि उपज धुने, पखाल्ने, छाँट्ने, प्रिकुलीङ गर्ने, भौतिक, जैविक तथा रासायनिक प्रदुशण हटाउने, आधारभुत औद्योगिक कच्चा पदार्थ तयार गर्ने, डिग्रीनीङ गर्ने, फल पकाउने, रोग किरा नष्ट गर्न तातो वा चिसो उपचार गर्ने, ग्रेडिङ गर्ने, सुकाउने, प्रशोधन गर्ने, प्याक गर्ने, गुणस्तर परिक्षण प्रयोगशाला, लेवल लगाउने, वार कोड टाँस्ने, सफ्टवेयर, सूचना प्रविधि नियन्त्रण कक्ष, प्रमाणीकरण गर्ने

मेशिन, औजार उपकरण सहितको भवन वा संस्थालाई जनाउँछ । यसले फल, तरकारी, आलु, प्याज, मशला आदि बाली लिने (हार्भेष्टीङ), सुकाउने तथा बीउ भण्डारण, प्रशोधन, ग्रेडिङ, प्याकीङ, लेवलीङ गर्ने मेशीन वा प्रकृया समेतलाई सम्झनुपर्छ ।

(ग) "पोष्टहार्भेष्ट भण्डारण संरचना" भन्नाले कृषि उपजको उत्पादन स्थल बाट उपभोक्ता सम्म पुर्याउने क्रममा क्षति न्यूनिकरण गर्न आबश्यक पर्ने बिभिन्न सँरचनाहरु जस्तैः बाली कटानी पछि उत्पादन स्थलमा नै छोटो समयको लागि राखिने भण्डारण (Precooling shed), संकलन केन्द्र, शून्य शक्ति भण्डारण, शितघर, कुलबट( Coolbot), गोदाम घर, भकारी, वोरा, घ्याम्पो, मान्द्रो, सिड विन, डोको आदि समेत सम्झनुपर्छ।

(घ) "पोष्टहार्भेष्ट चिस्यान संरचना ( Coldchain facilities) ताजा तरकारी तथा फलफूल, माछा र अन्य छिटै बिग्रने खालका कृषि उपजहरुको उत्पादनोपरान्त हुने क्षती न्यूनिकरण गर्नको साथै भण्डारण तथा ढुवानीको क्रममा हुने क्षती न्यूनिकरण गर्न प्रयोग हुने प्रि कुलिंग सेड, रेफ्रिजरेटेड भ्यान, शुन्यशक्ति भण्डारण, रष्टिक स्टोर, सेलार स्टोर, शितघर तथा उपभोक्ता भण्डारमा प्रयोग हुने चिस्याउने संयन्त्र आदि समेतलाई पोष्टहार्भेष्ट चिस्यान संरचना सम्झनुपर्छ।

(ङ) "ताजा कृषि उपज" खेतवारीमा उत्पादन भई खान उमेर पुगेका, भुईवाट उखेली तुरुन्तै उपभोगको लागी राखीएका, प्रशोधन नगरीएका फलफूल, तरकारी, आलु, अलैंचि, अदुवा जस्ता टिपेपछि छिटै नाश ( Fresh produced or Perishable) हुन सक्ने वस्तु सम्झनुपर्छ ।

(च) "पोष्टहार्भेष्ट औजार उपकरण" भन्नाले उपभोगयोग्य परिपक्वता भएका खडाबाली लीने (काट्ने, टिप्ने, चुँडने), उखेल्ने, खन्ने (आलु, प्याज), फल टिप्ने कैंचि, झोला, भ्याङ, हाते साईजर, ग्रेडिङ मशिन, फल ढुवानी गर्ने क्रेट, रिफ्याक्टोमिटर, ह्वील ब्यारो, कम्वाईन हार्भेष्टर, धान झार्ने हाते पेडल, गहुँ थ्रेसर, चपीङ वोर्ड, गुणस्तर परिक्षण गर्ने मशिन, जुसर, बीउ भण्डारको लागि प्रयोगमा आउने मुसा मार्ने ट्र्याप (साँचो), चक्कु, हँसिया, चुलेसी आदि उपकरण सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले यस कार्यविधिको दफा ४ मा व्यवस्था गरिएको प्रस्ताव मुल्याङ्कन समिति सम्झनुपर्छ।

**३. <u>उद्देश्यः</u>** यस कार्यविधिका उद्देश्यहरु देहायवमोजिम रहेका छन्

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको कृषि उत्पादन तयार गरी उपभोक्ताहरुलाई स्वस्थ, ताजा, भरपर्दो, गुणस्तरीय कृषि बस्तुहरु उपलब्ध गराउनका साथै बाह्य बजारमा समेत नेपाली कृषि उत्पादनको पहुँच बढाउन प्याकहाउस स्थापना गर्न सहयोग पुऱ्याउने ।

(ख) स्वस्थ तथा गुणस्तरीय बीउ उत्पादन, प्रशोधन तथा भण्डारणमा सहयोग गरी कृषकस्तरमा नै बीउ उत्पादन तथा संचय गर्न सहयोग पुऱ्याउने ।

(ग) छिटै र सजिलै बिग्रने खालका बालीहरु जस्तै ताजा तरकारी तथा फलफूलको उत्पादन, बाली कटानी (फल टिप्ने), ग्रेडिङ्ग, प्याकिङ्गमा आबश्यक पर्ने सामाग्री तथा औजार प्रयोग गरी गुणस्तरीय कृषि उत्पादनको साथै क्षति न्यूनिकरण गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेद–२

## <u>बाली उत्पादनोपरान्त क्षति न्यूनीकरण कार्यक्रम सञ्चालन बिधि</u>

४. **<u>कायक्रम सञ्चालन प्रकृयाः</u>** (१) पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहायबमोजिम हुनेछ ।

(क) कार्यक्रम सञ्चालन गर्ने निकायः यो कार्यक्रम सञ्चालन गर्ने मुख्य जिम्मेवारी बाली संरक्षण प्रयोगशालाको हुनेछ । बाली संरक्षण प्रयोगशालाले सम्बद्ध अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ ।

(ख) सूचना प्रवाहः बाली संरक्षण प्रयोगशालाले कार्यक्रमको प्रकृति अनुसार पत्रपत्रिका, कृषि ज्ञान केन्द्रहरु तथा अन्य सरोकार निकायहरु मार्फत प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नेछ ।

(ग) प्रस्ताव पेश गर्ने विधिः प्रस्तावकले बाली संरक्षण प्रयोगशालाबाट तोकिएको ढाँचामा प्रस्ताव तयार गर्नुपर्नेछ । परियोजनाको प्रस्ताव तयार गर्दा भौतिक पूर्वाधारको डिजाईन, ईष्टिमेट, औजार उपकरणहरुको स्पेसिफिकेसन, कच्चापदार्थको व्यवस्था, बजार व्यवस्थापन, लगानीको श्रोत, अनुदान माग गरेको रकम र आफुले ब्यहोर्ने रकम समेत खुलाई बिस्तृत रुपमा तयार गर्नुपर्नेछ । तर भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय को स्वीकृत नर्म्स अनुसारको परियोजना तथा यस्तै कम लागत

भएका परियाजनाको हकमा तोकिएको ढाँचामा प्रस्ताव तयार गरी निवेदन दिन सकिनेछ ।

(घ) प्रस्ताव मुल्याङ्कन समिति गठनको व्यवस्थाः प्रस्तावकहरुले अनुदान माग गरी पेश गरेको प्रस्ताव मुल्याङ्कन गरी अनुदान प्रवाह गर्नको लागि अनुसूची १ को हकमा देहाय वमोजिम मुल्याङ्कन समिति गठनको व्यवस्था गरीने छ ।

| | | |
|---|---|---|
| क) | प्रमुख, बाली संरक्षण प्रयोगशाला | अध्यक्ष |
| ख) | विषयगत अधिकृत, सम्बन्धित कृषि ज्ञान केन्द्र | सदस्य |
| ग) | अधिकृत प्रतिनिधि, कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा | सदस्य |
| घ) | अधिकृत प्रतिनिधि, क्षेत्रिय कृषि अनुसन्धान कार्यक्रम | सदस्य |
| ङ) | बाली संरक्षण प्रयोगशालाको योजना शाखा हेर्ने अधिकृत वा प्रमुखले तोकेको अधिकृत | सदस्य सचिव |

(२) प्रस्ताव मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः

१. सूचना तथा प्रस्ताव फारामको ढाँचा तयार गर्ने ।

२. प्रस्ताव फारामको मुल्याङ्कनको ढाँचा तथा प्रस्ताव मुल्याङ्कनको आधारहरु तयार गर्ने ।

३. मुल्याङ्कनको आधारमा सुची तयार गरी योग्य प्रस्तावहरु छनौट गर्ने।

४. योग्य प्रस्तावहरुको स्थलगत निरिक्षण गर्ने ।

५. प्रस्तावकको माग, डिजाईन तथा लागत अनुमान, अनुदान माग गरेको रकम र बजार मुल्यको आधारमा छनौट भएको प्रस्तावकहलाई अनुदान रकम तोक्ने ।

(च) कार्यक्रम कार्यान्वयनः पोष्ट हार्भेष्ट क्षति न्यूनिकरण कार्यक्रमको कार्यान्वयन प्रकृया देहायवमोजिम हुनेछ ।

१. प्याक हाउस स्थापनासम्बन्धी कार्यक्रममा व्यावसायिक रुपमा फलफूल उत्पादन, ग्रेडिङ्ग, प्याकिङ्ग तथा बजारीकरणमा संलग्न

कृषक समुह तथा सहकारीहरु, नीजि उद्यमीलाई साथै व्यावसायिक रुपमा बीउ, उत्पादन, प्रशोधन तथा बजारीकरणमा सँलग्न कृषक, कृषक समुह तथा सहकारीहरु, नीजि उद्यमीले समेत भाग लिन सक्नेछन् ।

२. अनुसची २ अनुसारको औजार उपकरण वितरण कार्यक्रममा ताजा तरकारी तथा फलफूलको व्यावसायिक उत्पादनमा संलग्न स–साना सेवाग्राहीहरु लाई समावेश गरिनेछ।

३. अनुसुची ३ अनुसारको बिउ उत्पादन, प्रशोधन तथा भण्डारण सम्बन्धी कार्यक्रममा नीजि प्रयोजनको साथै व्यावसायिक रुपमा बिउ उत्पादन, प्रशोधन तथा बजारीकरणमा सँलग्न कृषक समुह, सहकारी तथा नीजि उद्यमीहरुलाई समावेश गरिनेछ ।

४. प्रस्तावकले पूर्वाधार विकास निर्माण कार्यको लागि जग्गाको व्यवस्था गर्नुपर्ने, साथै कुल लागतको कम्तीमा १५% खर्च व्यहोर्नु पर्नेछ ।

५. बाली संरक्षण प्रयोगशालाले ३० दिने सार्वजनिक सूचना जारी गरी प्रस्ताव माग गर्नेछ ।

६. प्राप्त प्रस्तावहरुको प्रस्ताव मुल्याङ्कन समितिबाट मुल्याङ्कन गरी स्वीकृति भएको प्रस्तावकहरुलाई जानकारी दिनेछ ।

७. स्वीकृत प्रस्तावकसंग सम्झौता गरी प्रस्ताव कार्यान्वयन अघि बढाउने काम बाली संरक्षण प्रयोगशालाको हुनेछ । कथंकदाचित स्वीकृत प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा वा कार्य अघि नबढाएमा प्राथमिकता क्रममा त्यस पछि रहेका प्रस्तावकलाई अनुदान रकम प्रवाह गर्न सकिने छ ।

## परिच्छेद ३

## अनुदान प्रवाह बिधि

**५. अनुदानको सिमाः** अनुसुची १ अनुसारको पूर्वाधार तथा सामाग्रीको लागि स्वीकृत बजेटको परिधिभित्र रही प्रस्ताव मुल्याङ्कन समितिको सिफारिसको आधारमा कुल लागत रकमको बढीमा पचासी प्रतिसत (८५%) सम्म र अनुसुची २ र ३ अनुसारको पूर्वाधार तथा सामग्रीको हकमा स्वीकृत बजेटको परिधिमा रही एक प्रस्तावकलाई बढीमा एक लाख सम्म वा कुल लागतको ८५ प्रतिशतसम्म अनुदान उपलब्ध गराईनेछ ।

**६. प्रस्तावकले लगानी गर्ने रकम सम्बन्धमाः** प्रस्तावक आफूले लगानी गर्न कबोल गरेको रकम तथा अन्य पूर्वाधारको व्यवस्था गरी बैंक दाखिला गरेको वा बित्तिय संस्था बाट लगानी हुने अवस्थामा बित्तीय संस्थाको प्रतिवद्धता पत्र वा अन्य भरपर्दो जानकारी प्राप्त भएपछि मात्र स्वीकृत प्रस्तावकलाई कार्यक्रम अघि बढाउन कार्यादेश दिईनेछ ।

७. **खरिद तथा भुक्तानी सम्बन्धी व्यवस्थाः** सम्झौतामा उल्लेख भए अनुसार अनुसुची २ र ३ मा उल्लेखित बीउ उत्पादन, प्रशोधन तथा भण्डारण, ताजा तरकारी तथा फलफूल उत्पादन, प्रशोधन तथा भण्डारणको लागि आवश्यक पर्ने स–साना औजार उपकरणहरुको हकमा स्वीकृत अनुदान रकमको परिधिभित्र रही बैंक खाता मार्फत प्रस्तावकलाई उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद ४

## विविध

९. **अनुगमन तथा मूल्याङ्कन व्यवस्थाः** पोष्टहार्भेष्ट क्षति न्यूनिकरण सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन देहायवमाजिम हुनेछ।

(क) अनुगमन मुल्यांकनको मुख्य जिम्मेवारी बाली संरक्षण प्रयोगशालाको हुनेछ। कार्यक्रमको प्रभावकारिता बढाउन अनुगमन टोलीमा कृषि विकास निर्देशनालय,भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय तथा अन्य सरोकारवालाहरुको समेत सहभागिता गराइने छ ।

(ख) कार्यक्रमको कूल लागतमा ५% मा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च प्रस्ताव गर्न सकीनेछ र उक्त रकम योजना तर्जूमा, भ्रमण (सवारी साधन) तथा अनूगमन मूल्यांकन प्रयोजनमा खर्च गर्न सकिनेछ ।

१०. **कार्वाहीको व्यवस्थाः** अनुदानमा स्थापना भएको पुर्वाधार तथा मेसिनरी औजार तोकिएको उद्देश्य बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न पाईने छैन र यदि कुनै प्रस्तावकले शर्त अनुसारको काम नगरेको पाइएमा उपलब्ध गराईएको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

११. **प्रचलित कानूनबमोजिम हुनेः** कार्यक्रम यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१२. **कार्यविधि संशोधन तथा परिमार्जनः** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

### प्याकहाउस स्थापनाको लागि प्रस्ताव पेश गर्न सकिने पूर्वाधार तथा मेसिनरी औजारको बिवरण

१. प्रि कुलिङ्ग सेड, कलेक्सन सेन्टर, निसंक्रमण उपचार गर्ने संरचना, शुन्य शक्ति भण्डारण, कुलबट (Coolbot), सेलार तथा रष्टिक स्टोर, शित घर, भण्डार घर आदि ।

२. फलफूल, तरकारी तथा अन्न बालीको ग्रेडिङ्ग उपकरण, सफा गर्ने (वासिङ्ग), निसंक्रमण कार्यमा उपयोग हुने मेसिनरी, बिभिन्न किसिमका ड्रायरहरु, प्याकिङ्ग उपकरणहरु, फोर्क लिफ्ट, कन्भेयर बेल्ट तथा अन्य उपकरणहरु।

३. छिटै सड्ने गल्ने प्रकृतिका फलफूल तथा तरकारीको उत्पादनोपरान्त उपयोग समय बृद्धी गर्नको साथै क्षति न्यूनिकरणको लागि आबश्यक पर्ने रेफ्रिजरेटेड भ्यान, डिप फ्रिज तथा यस्तै प्रकारका अन्य औजार उपकरणहरु।

## अनुसुची २

ताजा कृषि उपजहरु (तरकारी,फलफूल,मसला आदि) को पोष्टहार्भेष्ट ह्याण्डलिङ, उत्पादन, टिपाई, सफा गर्ने (वासिङ्ग), ग्रेडिङ्ग, प्याकिङ्ग, ड्राईङ्ग तथा गुणस्तर मापनको लागि प्रयोग हुने पोष्ट हार्भेष्ट क्षति न्यूनिकरण सम्बन्धी औजार/उपकरणहरुको बिवरणः

१. फल टिप्ने भऱ्याङ्ग

२. फल टिप्ने कैंची

३. फल टिप्ने ब्याग

४. हाते साइजर

५. ग्रेडिङ मेसिन

६. फल ढुवानी गर्ने क्रेट

७. रिफ्रयाक्टोमिटर (Refractometer)

८. ह्विल ब्यारो (Wheel Barrow)

९. यस्तै अन्य आवश्यक सामाग्रीहरु

## अनुसुची ३

बिउ उत्पादन, प्रशोधन तथा भण्डारणमा उपयोग हुने सामाग्री तथा उपकरणहरुको सूचिः

१. बीउ सुकाउने त्रिपाल

२. थ्रेसिङ फ्लोर

३. पैडल थ्रेसर

४. मकै छोडाउने मेसिन (कर्न सेलर)

५. मेटलबीन

६. हर्मेटिक/सुपरग्रेन ब्याग

७. मुसा मार्ने/समात्ने साँचो (Rat Trap)

८. तापक्रम र आद्रता मापक उपकरणहरु

९. गोदाम घर भित्र बायू संचार गराउने उपकरणहरु

१०. बीउको चिस्यान मापन उपकरण

११. बीउको उपचार गराउने उपकरण

१२. आवश्यकता अनुसार अन्य

## अनुसूची ४

ताजा कृषि उपजहरुको पोष्टहार्भेष्ट ह्याण्डलिङ उपकरणका लागि माग फाराम

१. नीजि उद्यमी /कषक समूह/ कृषि सहकारीको

नामः.......................................................

ठेगानाः.........................................................................................................

..............

२. समूह दर्ता मितिः........................................... दर्ता भएको कार्यालयः............................

३. सदस्य सँख्याः

महिला....................पुरुष.......................

दलित.....................जनजाति.................

४. लाभाविन्त कृषक संख्याः.................................... प्रत्यक्ष.....................परोक्ष.................

५. कारोबार शुरू मितिः.......................................................

६. कारोबारको विवरणः

| ताजा कृषि उपजहरुको नाम | प्रथम वर्ष | | द्वितीय वर्ष | | तृतीय वर्ष | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | बिकी परिमाण | रकम | बिकी परिमाण | रकम | बिकी परिमाण | रकम | |
| | | | | | | | |
| | | | | | | | |

७. कारोबार क्षेत्र/जिल्लाहरू/थोकबजारहरू/सङ्कलनकेन्द्रहरू

..................................................................................................................

.......................................................................................................................

......   .

८. नीजि उद्यमी/कषक समूह/कृषि सहकारीको चल/अचल पूँजीको विवरण (घर, जग्गा, मेशीन,भवनहरु)...................................................................................

...................................................................................................

...........................................................................

९) जग्गा सम्बन्धी बिवरणः

| | | |
|---|---|---|
| क) पाखो | क्षेत्रफलः | कित्ता नं. |
| ख) खेत | क्षेत्रफलः | कित्ता नं. |

१०.सामग्रीहरूको माग विवरण (समूहको आवश्यकताअनुसार माग गर्ने)

(फल टिप्ने कैंची, हार्भेष्टिङ उपकरण, फलफूल ग्रेडिङ गर्ने हाते साइजर, रिफ्रयाक्टोमीटर, फल टिप्ने भऱ्याङ, कार्टुन बक्स, प्लाष्टिक क्रेट तथा अन्य)

| सामग्रीको नाम | संख्या | क्षमता वा स्पेशिफेकेशन( आवश्यक पर्नेमा) | लागत मूल्य | अनुदान मागेको रकम | खरिद गर्ने स्रोतरस्थान |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

उपर्युक्त बमोजिमको विवरणहरू मैले जाने–बुझेसम्म सही छ । झुटो ठहरिएमा निवेदन स्वतः खारेज भई ऐन–कानून बमोजिम सहुँला–बुझाउँला ।

| | |
|---|---|
| साक्षी | निवेदक |
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |

## अनुसूची ५

बीउ बीजन उत्पादन, प्रशोधन तथा भण्डारण सम्बन्धी पोष्टहार्भेष्ट औजार,उपकरण माग फाराम

१. नीजि उद्यमी/कषक समूह/कृषि सहकारीको नामः .............................................

ठेगाना ...........................................................................................

२. समूह/फर्म दर्ता मितिः.................. दर्ता भएको कार्यालयः...........................

३. सदस्य/शेयर सदस्य संख्याः......महिला.......पुरुष.......... दलित...... जनजाति..........

४. लाभाविन्त कृषक संख्याः....... प्रत्यक्ष........परोक्ष................

५. कारोबार शुरू मितिः....................................................

६. कारोबारको विवरणः

| बालीहरू | प्रथम वर्ष | | द्वितीय वर्ष | | तृतीय वर्ष | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

७. कारोबार क्षेत्र/जिल्लाहरू ...........

८. नीजि उद्यमी/कषक समूह/कृषि सहकारीको चल/अचल पूँजीको विवरण (घर,जग्गा,मेशीन,भवनआदि)..........................................................................
.........................................................................................................
..........................................................................

९) जग्गा सम्बन्धी बिवरणः

क) पाखो क्षेत्रफलः कित्ता नः

ख) खेत क्षेत्रफलः कित्ता नं.

१०.. समूहको आवश्यकता (सहयोग सामग्रीहरूको माग विवरण) आवश्यक अनुसार माग गर्नेः

(स–साना हार्भेष्टर, थ्रेसर, मेटलबिन, सुपरग्रेन ब्याग, पी.भी.सी. र्‍याट ट्र्याप, थ्रेसिङफ्लोर निर्माण सामग्री तथा अन्य)

| सामग्रीको नाम | संख्या | क्षमता | लागत मूल्य | खरीद गर्ने स्रोत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

संलग्न गर्नुपर्ने कागजातहरूः

१. समूह/कारोबार दर्ताको नवीकरण सहितको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

२. कारोबार विवरणको प्रमाणित प्रतिलिपि

३. समूहको विधान/प्रवन्ध पत्रको प्रतिलिपि

४. लालपुर्जाको प्रतिलिपि

५. माग गर्दाको बैठकको निर्णय प्रतिलिपि

उपर्युक्त बमोजिमको विवरणहरू मैले जानेबुझे सम्म सही छ । झुटो ठहरिएमा निवेदन स्वतः खारेज भई ऐन–कानून बमोजिम सहुँला–बुझाउँला ।

साक्षी

दस्तखतः

नामः

पदः

निवेदक

नामः

पदः

समूहको छाप